मिति २०७६ श्रावण १

श्री शिवराज सुवेदीज्यू,

प्रमुख, बुटवल उप-महानगरपालिका,
बुटवल, रुपन्देही ।

**विषयः जबर्जस्ती निष्कासनका पीडितहरूलाई पुनर्वासको उपयुक्त व्यवस्था लगायतका उपायहरू तत्काल अवलम्बन गरी उनीहरूको आवासको हकलाई सम्मान गर्न अनुरोध ।**

महोदय,

हामी तपसिलमा उल्लिखित संस्थाहरू आवास, भूमि तथा खाद्य लगायतका मानवअधिकारको संरक्षण तथा सामाजिक न्यायको प्रवर्धनका लागि क्रियाशील रहँदै आएका छौँ । बुटवल उपमाहनगरपालिका वडा नं १ स्थित विटौरी मस्जिद टोलमा बसोवास गर्दै आएका १६ घरपरिवारको वासस्थानमा बुलडोजर लगाएर २०७६ जेष्ठ ३० गते उनीहरूलाई जबर्जस्ती निष्कासन गरी आवासविहीन बनाइएको घटनाप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ ।

भूमिहीनता तथा आर्थिक विपन्नताका कारणले लामो समयदेखि आश्रय लिएर बसोवास गरिरहेका परिवारहरूसँग सार्थक परामर्श नै नगरी तथा उनीहरूलाई बसोवासको उपयुक्त विकल्प समेत नदिई एकतर्फी रूपमा २०७६ वैसाख २५ गते ३५ दिने सूचना जारी गरेर जेष्ठ नागरिक, बालबालिका र गर्भवती महिलासमेतलाई आतङ्कित तुल्याँउदै वर्षा याममा गरिएको यसखाले जबर्जस्ती निस्कासनको कार्यविरुद्ध पीडित परिवारहरूले निरन्तर विरोध गर्दै आइरहेको यहाँलाई विदितै हुनुपर्छ । उक्त जबर्जस्ती निष्कासनको उक्त कार्य यहाँले नेतृत्व गरेको स्थानीय सरकारको मानवअधिकार दायित्वको गम्भीर उल्लंघन भएको हामी यहाँ समक्ष निवेदन गर्दछौँ ।

संविधान, नेपालको प्रचलित कानुन तथा अन्तर्राष्ट्रिय मानवअधिकार कानुनअन्तर्गतको दायित्व सबै तह (केन्द्र, प्रदेश र स्थानयी)का सरकारका लागि बाध्यकारी भएको स्मरण गराउन चाहन्छौँ । जबर्जस्ती निष्कासनको उक्त कार्यले नेपालको संविधान, आवासको अधिकारसम्बन्धी ऐन २०७५ तथा खाद्य अधिकार तथा खाद्य सम्प्रभूता ऐन २०७५ एवं नेपाल पक्ष राष्ट्र भएको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अभिसन्धि, १९६६ अन्तर्गत संरक्षित मानवअधिकारहरू निम्नानुसार हनन् हुन पुगेको ध्यानाकर्षण गराउँदछौं :

१) नेपालको संविधान, २०७२ को धारा ३७ अन्तर्गत प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक प्रत्याभूत गरिएको छ । धारा ४२मा "सामाजिक न्यायको हक" अन्तर्गत आर्थिक रूपमा विपन्न नागरिकलाई आवासको अधिकार प्रत्याभूत गरिएको छ । संविधानको धारा १६ ले प्रत्येक व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने हकलाई प्रत्याभूत गरेको छ । आवासको अधिकारबाट वञ्चितिले सम्मानपूर्वक बाँच्न पाउने हकको उल्लङ्घन हुने कुरा स्पष्ट छ । धारा १८ अन्तर्गतको समानताको हकले विशेष संरक्षणको खाँचो भएका वर्ग र समुदायलाई समानतामा आधारित जीवन जिउन सक्षम बनाउन सरकारले विशेष व्यवहार गर्ने कुरा सुनिश्चित गरेको छ । उक्त निष्कासनबाट

पीडित भएकामध्ये अधिकांश विषेश संरक्षणको खाँचो भएका अल्पसङ्ख्यक मुस्लिम, दलित र जनजाति परिवार रहेको तथ्य यससन्दर्भमा विचारणीय छ ।

२) आवासको अधिकारसम्बन्धी संवैधानिक प्रत्याभूतिलाई कार्यान्वयन गर्ने कानुनी आधार सृजना गर्न आवासको अधिकारसम्बन्धी ऐन २०७५ बनेको छ । यो ऐन २०७५ साल असोज २ गतेदेखि लागू भइसकेको अवस्था छ । यो नेपाल सरकार र प्रदेश तथा स्थानीय सरकार गरी ७६१ वटै सरकारहरूलाई दायित्व सृजना गर्ने ऐन हो । ऐनको दफा ३(१) र (३) ले आवासको अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्ने दायित्व तीनै तहका सरकारले पालना गर्नु पर्ने बाध्यकारी व्यवस्था गरेको छ । आवासको अधिकारलाई थप प्रष्ट्याउँदै ऐनको दफा ३ (ख) अन्तर्गत “आवासको अभावमा जीवन जोखिममा रहने खतरबाट सुरक्षित रहने” अधिकार प्रत्याभूत गरेको छ । साथै दफा ५(४) ले पूर्व परामर्श, पूर्व सूचना संप्रेषण, हटाइने व्यक्ति वा परिवारको उपयुक्त पहिचान, हटाउने समय र स्थानमा अधिकार प्राप्त अधिकारी को रोहवर, समयको उपयुक्तता तथा ज्येष्ठ नागरिक, बिरामी, अपाङ्गता भएका व्यक्ति, बालबालिका, असहाय, अशक्त, गर्भवतीलाई उचित ध्यान दिएर मात्रै निष्कासनको प्रकृया अगाडि बढाइने कार्यविधिगत प्रत्याभूति दिएको छ । आवासविहीनताको जोखिम सृजना गर्नेगरी गरिने कुनैपनि जबर्जस्ती निष्कासनको कार्य ऐनका उपरोक्त प्रत्याभूतिको बर्खिलाप हुन जाने स्पष्ट छ ।

३) खाद्य अधिकार तथा खाद्य सम्प्रभूता ऐन २०७५ पनि आवासको अधिकार सँगै कार्यान्वयनमा आएको छ । यस ऐनले प्रत्यक्ष रूपमा आवासको अधिकारको व्यवस्था नगरे पनि यस अन्तर्गतका कतिपय प्रत्याभूतिहरू जबर्जस्ती निष्कासनका सन्दर्भमा आकर्षित हुन्छन् । जबर्जस्ती निष्कासनले धेरैजसो अवस्थाहरूमा जीविकोपार्जनका श्रोतबाट पीडित परिवारलाई विमुख पार्ने हुँदा खाद्य असुरक्षाको अवस्था सृजना हुन सक्दछ । ऐनको दफा ३(ख) र (ग) अन्तर्गत भोकबाट मुक्त हुने र खाद्यको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने अधिकार प्रत्याभूत गरिएको छ । यसै अधिकारलाई दृष्टिगत गर्दै दफा ४०(ङ)ले “जीविकोपार्जनको आधारबाट विमुख पार्ने गरी आवासविहीन बनाएमा” त्यस्तो कार्य दण्डनीय कसुर मानिने व्यवस्था गरेको छ । यो कसुर गरेको ठहरेमा दफा ४२(ग)अन्तर्गत ५ वर्ष सम्म कैद र ५ लाख सम्म जरिवाना हुने व्यवस्था गरेको तथ्य विचारणीय छ ।

४) आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि, १९६६ को नेपाल पक्ष राष्ट्र हो । अनुमोदित सन्धिको व्यवस्थाको परिपालना गर्नु सबै तहका सरकारहरूको संवैधानिक दायित्व रहेको छ । अभिसन्धिको धारा ११को (१) मा प्रत्येक व्यक्ति र निजको परिवारको आवास सहित पर्याप्त जीवनस्तरको अधिकारलाई प्रत्याभूत गरिएको छ । यस सन्धिको परिपालना गरे नगरेको अनुगमन गर्ने जिम्मेवारी भएको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार समितिले यस व्यवस्थाको थप व्याख्या गरेको छ । समितिको सामान्य टिप्पणि नं. ७ (१९९७) मा व्याख्या गरिएअनुसार जबर्जस्ती निष्कानविरुद्धको अधिकार पनि आवासको अधिकारअन्तर्गत समाहित छ । बसोवास रहेको अवास वा जमिनसँगको सम्बन्ध जेसुकै भएपनि कसैलाई पनि वैकल्पिक व्यवस्था नगरिकन, आवसविहीन अवस्थामा पुऱ्याउने वा आवासविहीनताको जोखिममा पुऱ्याउने गरी जबर्जस्ति निष्कासन गर्न पाईंदैन । कारणवश वासस्थानवाट निष्कासन गर्नु पऱ्यो भने पूर्व परामर्श, पूर्व सूचना, बसोवासको वैकल्पिक व्यवस्था तथा क्षतिपूर्ति समेतको शर्त बन्देजहरूको पालना गर्नु पर्ने कुरा संयुक्त राष्ट्रसङ्घीय मार्गनिदेशक सिद्धान्तको रूपमा स्थापित भइसकेका छन् जसलाई परिपालना गर्नु सबै तहका सरकारको कर्तव्य हो ।

साथै जबर्जस्ती निष्कासन गरेर वासस्थानविहीन हुने अवस्था सृजना गर्नु भनेको नेपाल सरकारले अङ्गिकार गरेको दिगो विकास लक्ष्य (जसले २०३० सम्म सुरक्षित आवास वस्ने जनसंख्यालाई दोब्बर

पुऱ्याउने लक्ष्य तय गरेको छ)को पनि प्रतिकुल हुन्छ । साथै नेपाल सरकारको नीति तथा कार्यक्रम २०७६ मा पनि आवसविहीनलाई सुरक्षित आवासको व्यवस्था गर्ने लगायत मुस्लिम, अल्पसंख्यक, लोपोन्मुख आदिवासी एवं अति विपन्नलाई जनता आवास कार्यक्रमअन्तर्गत आवास सुविधा प्रदान गर्ने कुरालाई सरकारले प्राथमिकता दिने कुरा उल्लेख छ ।

उपमहानगरपालिकाले गरेको जबर्जस्ती निष्कासनको कार्य सरकारको दिगो विकास लक्ष्य एवं वार्षिक निति तथा कार्यक्रम समेतको प्रतिकूल हुन गएको अवगत गराउन चाहान्छौं ।

तसर्थ, उप महानगरपालिकाले आफूले कानुन विपरित गरेको उक्त निष्कासनको कार्यलाई गम्भीरताका साथ लिएर पीडितको अधिकारलाई पुनर्स्थापित गर्न एवं अब आइन्दा नगर क्षेत्र भित्र कसैलाई पनि जबर्जस्ती निष्काशन नगरिने कुरालाई सुनिश्चित गर्नका लागी निम्नानुसारका उपायहरू तत्काल अवलम्वन गर्न माग गर्दछौं ।

***१) जबर्जस्ती निष्कासनका कारण आवासविहीन अवस्थामा पुऱ्याइएका परिवारलाई तत्काल सुरक्षित वासस्थान, भरणपोषण लगायत गर्भवती महिला, बालबालिका तथा जेष्ठ नागरिकलाई विशेष स्याहार र संरक्षण सुविधा प्रदान गर्ने ।***

***२) आवसविहीन परिवारका लागि यथाशीघ्र सुरक्षित आवास सुविधाको व्यवस्था गरी समस्याको दिगो व्वस्थापन गर्ने ।***

***३) जबर्जस्ती निष्कासनका पीडितहरूले भोग्नु परेको भौतिक, मानसिक, मनोवैज्ञानिक क्षतिको उचित मूल्याङ्कन गरी निष्कासित परिवारहरूलाई क्षतिपूर्ति दिने ।***

***४) आफ्नो नगर क्षेत्र भित्र यस किसिमको जबर्जस्ती निष्कासनको अवस्था पुनःनदोहोरिने सुनिश्चितताका लागि सरोकारवालाहरूसँग परामर्श गरी संविधान, आवास अधिकारसम्बन्धी ऐन, खाद्य अधिकार तथा खाद्य सम्प्रभूता ऐन एवं अन्तराष्ट्रिय मानवअधिकार मापदण्डसमेतका आधारमा आवासबाट निष्कासनसम्बन्धी निर्देशिका बनाई लागू गर्ने ।***

भवदीय,

| | |
|---|---|
| निराजन थपलिया, निर्देशक<br>एम्नेस्टी इन्टरनेसनल नेपाल | भगवती अधिकारी, कार्यकारी निर्देशक<br>महिला एकता समाज |
| वसन्त अधिकारी, कार्यकारी निर्देशक<br>न्याय तथा अधिकार संस्था (जुरी–नेपाल) | जगत बस्नेत, कार्यकारी निर्देशक<br>सामुदायिक आत्मनिर्भर केन्द्र |

**बोधार्थः**

*१. माननीय अनुपराज शर्मा, अध्यक्ष, राष्ट्रिय मानवअधिकार आयोग, हरिहर भवन, ललितपुर ।*

*२. माननीय मोहमद इश्तियाक राई, मन्त्री, शहरी विकास मन्त्रालय, सिंहदरबार, काठमाडौं*